☐ अनुरोधः यो टाँस्ने पत्रिका हो । सबैले पढ्न मिल्ने गरी भित्तामा टाँसिदिनुहोला ।


# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– १, अंक– ३, असोज २०६०, (Sept./Oct., 2003) काठमाडौँ


# अठार सन्तानकी आमाको समाज सुधार्ने

सनिसरा भुजेलले आफ्नो उमेर ३७ वर्ष मात्रै हो भन्दा उनलाई पहिलो पटक देख्नेहरूले विश्वास नै गर्न सक्दैनन् । २४ वर्षको अवधि भित्र १८ सन्तान जन्म दिएकोले उनी निकै बूढी देखिन्छिन् ।

तनहुँ जिल्लाको बन्दीपुर गाउँ विकास समितिमा भुजेल गाउँ पर्दछ । झण्डै ४० घर भुजेल परिवार यहाँ बसोवास गर्दछन् । सनिसराको जन्म यसै गाउँमा भएको थियो । ११ वर्षको उमेरमा उनको विवाह पुर्लुङ गाउँका प्रेमबहादुर भुजेलसंग भयो । सनिसराले १४ वर्षको उमेरमा पहिलो बच्चा पाएकी थिइन् । जेठो छोराको २ कक्षामा पढ्दा पढ्दै मृत्यु भएपछि उनी पुर्लुङ गाउँ छाडेर फेरि भुजेल गाउँमै फर्केकी थिइन् ।

छोराको मृत्युले भुजेल दम्पत्तिको जीवनको लक्ष्य फेरियो । छोरा छोरीलाई विद्यालय भर्ना गरिएमा उनीहरू मर्छन् भन्ने धारणा सनिसराको परिवारमा पलायो । एकपछि अर्को बच्चा जन्मने र मर्ने क्रम चलिरहयो । १० जना छोराछोरी उनको आँखा अगाडि मरेका थिए । जन्मिएका सन्तान १० जना छोरी र ८ जना छोरा थिए ।

पृथ्वी राजमार्गको याम्पाफाँटबाट झण्डै १ घण्टाको उकालो चढेपछि पुगिने भुजेल गाउँका सबैले बाँसका डोका, नाङ्लो र अन्य सामान बनाएर गुजारा चलाउँछन् । हिजोआज थोरै मान्छेहरू व्यापार व्यवसायतिर पनि लागेका छन् । गाउँलेहरूले आफ्नै प्रयासमा एउटा विद्यालयको स्थापना र संचालन गर्दै आएका थिए । एकजना शिक्षकको खर्च गरीब गाउँलेहरूले जुटाउँथे । पछि जापानको एउटा गैरसरकारी संस्थाको सहयोगमा त्यहाँ पक्की भवनको निर्माण भयो र सरकारले २ जना शिक्षकको दरबन्दी दियो । त्यहाँ अहिले ३ कक्षासम्म पढाई हुन्छ ।

खरले छाएको एक कोठाको एकतले घरमा सनिसराको १० जनाको परिवार बस्दछ । उनकी जेठी छोरीको १४ वर्षको उमेरमा नै विवाह भयो । उनी आफ्ना पति सहित माइतैमा बस्छिन् । १५ वर्षमा उनले पहिलो बच्चा जन्माइन् । तर, त्यो बाँच्न सकेन । घरको दुर्दशापूर्ण अवस्था सहन नसकेर उनकी माहिली छोरीले पनि १४ वर्षकै उमेरमा विवाह गरिन् । उनले १५ वर्षमा एउटा बच्चा जन्माएकी छन् ।

एक वर्ष अघिसम्म चर्को गरीबी र सन्तानको एकपछि अर्को गर्दै भएको मृत्युले सनिसराको घरायसी वातावरण पनि अत्यन्त असामान्य देखिन्थ्यो । तर, अष्ट्रेलियाको सिड्नी विश्वविद्यालयका प्राध्यापक डायना केन्नीको सहयोगमा शिक्षाप्रेमी केही व्यक्तिले उनका सन्तानको शिक्षा र स्वस्थ घरायसी वातावरणको लागि प्रेरित गरे । अहिले उनका छोराछोरीको शिक्षाका लागि छात्रवृत्ति उपलब्ध भएको छ । त्यसैले उनका चारजना छोराछोरी गाउँको विद्यालयमा पढ्न जान्छन् । छोराछोरीले पढ्न थालेपछि सनिसराको चर्चा र सक्रियता बढेको छ । हिजोसम्म विद्यालय सम्झेपछि डराउने सनिसरा अहिले आँधीमूल प्राथमिक विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यका रूपमा मनोनित भएकी छन् ।

गाउँमा शिक्षाप्रति चेतना छैन । बाल विवाह सामान्य छ । १२ वर्षमा विवाह हुनु र १५ वर्षका बालिका आमा बन्नु सामान्य मानिन्छ । सनिसरा आफूले पहिला गल्ती गरेको बताउँदै छिमेकीहरूलाई सचेत हुन प्रेरित गर्दै हिंड्ने गरेकी छन् । गाउँलेहरूले उनको शिक्षाप्रतिको लगावका कारण प्रेरणादायी कुराहरू उनीबाट सुन्छन् । पहिलो छोराको मृत्यु र क्रमशः अन्य बच्चाहरू पनि मर्दै गएपछि उनले परिवार नियोजन गर्ने सोचाई पनि त्यागेकी थिइन् । ६ वर्ष पहिले उनले अर्को छोरा जन्माएपछि गाउँको कथित दलित परिवारलाई पाल्न दिइन् र फेरि त्यही बच्चा किनिन् । अरूको छोरा जस्तो देखाउँदा ऊ बाँच्छ भन्ने अन्धविश्वासी चलनका कारण यसो गरेकी हुन् ।

उनकी जेठी छोरी बाबुआमाको जस्तो गल्ती नदोहोऱ्याउने बताउँछिन् । आँधीमूल प्राथमिक विद्यालयले भवनको मर्मत सुधार थालेको छ । विद्यालयले गाउँलेहरूसंग श्रमदानको लागि

# शान्तिकामना गर्दैं देशभर घण्टी

काठमाडौँ । टिनिनि... निनिनि... गरेर दुई मिनेटसम्म एकोहोरो घर, मन्दिर, स्कुल, कार्यालयमा मात्र होइन सडकमा गुडिरहेका सम्पूर्ण सवारी साधनहरूले घण्टी, हर्न बजाएको सुन्दा लाग्दथ्यो मुलुकभर यसले शान्तिको नयाँ सन्देश दिइरहेको छ ।

हत्या हिंसाबाट आक्रान्त जनताले शान्तिको श्वास फेर्न पाउन् भन्ने उद्देश्यले ४ असोजका दिन अधिराज्यभर दिनको ठिक १२ बजे लगातार दुई मिनेट शान्तिका लागि घण्टी बजाइयो ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान सचिवालयको आह्वानमा एकैचोटी घर÷घरका घण्टी मन्दिर, स्कुलका घण्टी, सवारी साधनका हर्न दुई मिनेटसम्म बजाएर शान्तिको पक्षमा सम्पूर्ण जनताको ऐक्यबद्धता जनाइएको हो ।

संयुक्त राष्ट्रसंघीय बालकोषको आह्वानमा सेप्टेम्बर २१ (असोज ४) लाई अन्तर्राष्ट्रिय शान्ति दिवस मनाउने क्रममा यसपटक बालबालिका शान्ति क्षेत्र हुन् भन्ने नारा तय थियो ।

हत्या, हिंसा र युद्धले समाजका अन्य क्षेत्रसँग विद्यालय र बालबालिकाले प्रत्यक्ष असर भोग्नु परेको तथ्यलाई हृदयंगम गरी विद्यालयलाई शान्ति क्षेत्रको रूपमा सुरक्षित राखिनुपर्ने धारणा सबैले व्यक्त गर्दै आएका छन् ।

विश्वभरि नै विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय शान्ति दिवस मनाउने गरिन्छ । नेपालमा घण्टी बजाउने कार्यक्रम राखिए पनि अन्य देशमा फरक फरक कार्यक्रमहरू राखिएका थिए । शान्ति दिवस मनाउन संयुक्त राष्ट्रसंघीय बालकोष, (यूनिसेफ) लगायतका अन्तर्राष्ट्रिय संघ, संस्था तथा विभिन्न राष्ट्रिय संघ, संस्थाहरूले कार्यक्रममा सहयोग गर्न

# “बालबालिका शान्तिक्षेत्र हुन्’

ढी, पैह्रो, भूकम्प जस्ता प्राकृतिक प्रकोप र लडाइँ, सशस्त्र द्वन्द्व जस्ता मानवीय प्रकोपबाट पीडित हुनेहरूमा बालबालिका अग्रपंक्तिमा पर्दछन् ।


बालबालिका समाजका सबैभन्दा संवेदनशील तथा नाजुक समूहभित्र पर्दछन् । समाजको निरन्तरता बालबालिकाहरूले नै कायम राख्ने गर्दछन् । त्यसैगरी समाजमा परिवर्तनका धेरै कुराहरू पनि बालबालिकाहरूको माध्यमबाट गर्न सकिन्छ । किनकि भोलि भनेको त यिनीहरूको नै हो । तर यिनीहरू भविष्य मात्रै होइनन् वर्तमान पनि हुन् भन्ने गरिन्छ । यिनीहरूको नाम आज “आज” हो । त्यसैले आजैदेखि, अहिलैदेखि यिनीहरूका निम्ति समाजका सबै पक्ष सक्रिय हुनु आवश्यक छ ।

देशमा व्याप्त हिंसा प्रतिहिंसाको वातावरणबाट नेपाली बालबालिका पनि अछुतो रहन सकेका छैनन् । युद्धमा जुनसुकै पक्षले जिते पनि बालबालिका भने सधैं हारिरहेका हुन्छन् । तसर्थ बालबालिका अर्थात समाजको, देशको भविष्यको अरू बढी “हार” हुनबाट जोगाउन हिंसा, प्रतिहिंसामा संलग्न सबै पक्षले बालबालिकालाई शान्ति क्षेत्रको रूपमा स्वीकार गर्नु आवश्यक छ । बालअधिकार बालबालिकाको आधारभूत र हरण गर्न नहुने अधिकार हो । कठिन अवस्थामा पनि हरेक बालबालिकाले बाँच्न पाउनु पर्दछ । बालअधिकारको संरक्षण, प्रवर्द्धन गर्नु भनेको वयस्कहरू अर्थात परिवार, समाज र अन्ततः राज्यको दायित्व हो । यो कुनै निश्चित पक्षको मात्रै नभई सबैको सरोकारको विषय पनि हो ।

नेपालमा विगत आठ वर्षदेखि चलेको सशस्त्र द्वन्द्वको उत्थान र दमनका क्रममा भएका हिंसात्मक घटनाक्रमहरूले नेपालका प्रत्येक बालबालिकालाई कुनै न कुनै रूपमा असर गरिरहेको छ । अत्यावश्यक सेवा सुविधामा आइपरेको बाधा, अवरोधबाट सबै बालबालिकाको जीवन, स्वाभाविक विकास, संरक्षण तथा सहभागितामा समस्या परिरहेको छ । हिंसाबाट पीडित बालबालिकाहरूको ठयाक्कै संख्या पाउन नसकेता पनि हालसम्ममा १ सय ७६ जना बालबालिकाले ज्यान गुमाइसकेका छन् । करीब २ हजार जति परिवारविहीन भएका तथा ४ हजार जति विस्थापित भएको अनुमान गरिएको छ ।

सशस्त्र द्वन्द्वको पीडाबाट बालबालिकालाई जोगाउनका निम्ति सशस्त्र द्वन्द्वका सबै पक्षबाट कम्तिमा पनि बालबालिकालाई शान्तिक्षेत्रका रूपमा लिइनु पर्दछ । उनीहरूको संरक्षण र विकासका निम्ति आ-आफनो तर्फबाट गम्भीरतापूर्वक सहयोग गर्नु आवश्यक छ । युद्धको समाप्ति पश्चात पनि बालबालिकाहरूको सामान्यीकरणका लागि विशेष प्राथमिकताकासाथ पहल गरिनुपर्दछ । यसका निम्ति बालबालिकालाई शान्तिक्षेत्रका रूपमा दुवै पक्षले स्वीकार गरी तदनुरूपको व्यवहार हुनुपर्दछ । साँढेको जुधाइमा

## बालबालिकालाई शान्तिक्षेत्र बनाउन यसो गर्न






# आशमनीको असल शिक्षिका बन्ने

दाङ त्रिभुवननगर नगरपालिकाका नं. २, गुलरिया बस्ने आशमनी चौधरी मेधावी छात्रा हुन् । गरीब अभिभावक सचेत नभएका कारण उनी १४ वर्षकी हुँदासम्म पनि विद्यालय जान पाएकी थिइनन् । उनको दिनचर्या आमालाई काममा सघाउने तथा खेतीपातीको मौसममा अर्काको काम गरी पैसा आर्जन गर्दै बितेको थियो । आफ्नो भविष्यप्रति उनी अनभिज्ञ थिइन् ।

यसै क्रममा त्रिभुवननगर नगरपालिकाले युनिसेफ नेपालको सहयोगमा गुलरिया गाउँमा दुई वर्ष अघि सहरी बाल शिक्षा कार्यक्रम केन्द्र सञ्चालन गऱ्यो । निःशुल्क पढ्न पाइने भएकाले आशमनीको परिवारले उनलाई ढीलै भए तापनि त्यस केन्द्रमा भर्ना गरिदियो । त्यस कक्षाले उनीभित्र रहेको क्षमतालाई प्रस्फुटन गर्ने मौका दियो ।

सो केन्द्रमा १० महिनाको अध्ययनसँगै उनमा धेरै पढेर केही गर्ने भावनाको विकास भयो । ‘अर्काको घरमा जाने छोरीले पढेर के गर्न सक्छे र !’ भन्ने गर्दथे उनका अभिभावकहरू । तर पनि आशमनीले आफना बाबुआमालाई आफू स्कुल जान राजी गराई छाडिन् । शहरी बाल शिक्षा कार्यक्रमको पहिलो तह १० महिना अध्ययन गरेपछि कक्षा ३ मा भर्ना हुने व्यवस्था भएतापनि आशमनी जेहेन्दार भएकी हुँदा कर्जाहीस्थित प्राथमिक विद्यालयमा कक्षा ५ मा भर्ना भइन् ।

२०५८ सालको शैक्षिक सत्रमा भएको श्रोत केन्द्र स्तरीय परिक्षामा उनले ६ सय ३० अंक ल्याई प्रथम भइन् । उनी अहिले पद्योदय पब्लिक उच्च मा.वि., भरतपुर दाङमा कक्षा ६ मा अध्ययन गरिरहेकी छन् । आशमनी अब धेरै पढन चाहन्छिन् । पढिसकेपछि एउटा असल शिक्षिका बन्ने उनको चाहना रहेको छ । उनी निरन्तर पढाइमा मेहनत गरिरहेकी छिन र आफ्ना बाबुआमालाई पढाई पूरा गरिसकेपछि मात्र विवाह गरिदिन भनेकी छिन् । आजभोलि उनी पढाईका अतिरिक्त आमालाई घरको काममा पनि सघाउँछिन् । कहिलेकाहीं ज्यालामा खेतीपातीको काम गरी परिवारलाई सघाइरहेकी छिन् । छोरीको यस्तो व्यवहारले उनका बाबुआमा र परिवार खुशी छन् । समुदायमा त उनी उदाहरण नै बनेकी छन् । ■


यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, इमेलः ejg@ntc.net.np, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, फोनः ४–४२१४१०, सम्पादनः पदम